आज मिति २०८३/०६/०६ गतेका विहान ८:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (बडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष : श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री विज्ञान पौडेल

अन्य उपस्थिति:

ईन्जिनियर :- सुरेश गौतम

बरिष्ठ लेखा सहायक :- श्री सुदिन पौडेल

उद्यम विकास सहजकर्ता :- श्री दिपेन्द्र कुमार भण्डारी

AnyScanner

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**मिति २०८३ असोज ६ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८३/०५/१५ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो । समग्र कार्य प्रगति सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ : आ.व.२०८३/०८४ को अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको रु.१० लाख बजेट सम्बन्धमा ।**

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, ईलाका संरक्षण कार्यालय, भुजुङको च.नं.१७, मिति २०८३/०५/१७ को प्राप्त पत्र मार्फत उक्त कार्यालयको आ.व. २०८३/८४ को सवीकृत वार्षिक बजेट अनुसार यस मर्स्याङ्दी गाउँपालिकासँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्न रु. १०,००,०००/- (अक्षरुपी दश लाख रुपैयाँ मात्र) स्वीकृत भएको व्यहोरा प्राप्त भएकोले यस पालिकाको आवश्यकता, प्राथमिकता र स्थानीय समुदायको माग समेतलाई मध्यनजर गर्दा उक्त रकम पर्यटन प्रवर्द्धनको लागि थुर्जु लेकमा निर्माण गरिने पर्यटक आवास भवन निर्माणमा साझेदारीको लागि खर्च गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ३ : आ.व.२०८३/०८४ को १५ लाख भन्दा माथीका योजनाहरु ठेक्का प्रकृयाबाट निर्माण गर्ने अघिल्लो बैठकको निर्णयमा पुनरावलोकन सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०८३/०४/०१ को बैठकबाट गाउँपालिकाको आ.व. २०८३/८४ को लागि स्वीकृत पालिका तथा वडास्तरीय योजनाहरु मध्ये रु. १५ लाख भन्दा माथिका योजनाहरु ठेक्का सम्झौता मार्फत कार्यान्वयन गर्ने निर्णय भएतापनि सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो र सार्वजनिक खरिद नियमावली, २०६४ को सोह्रौं संशोधन पश्चात सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सार्वजनिक खरिद सम्बन्धी अनलाईन प्रणालीमा आवश्यक संशोधनको कार्य भईरहेको र तत्काल ई.बिड मार्फत ठेक्का आह्वान गर्ने सम्भावना नरहेकोले वर्तमान व्यवहारिक समस्यालाई मध्यनजर गर्दै अघिल्लो निर्णयमा पुनरावलोकन गरी हालको लागि रु. ५० लाख (भ्याट, ओभरहेड कन्टिन्जेन्सी र श्रमदान सहित एकमुष्ठ) सम्मका योजनाहरु उपभोक्ता समिति मार्फत नै कार्यान्वयन गर्ने साथै योजनाहरुको कार्यान्वयन पक्षलाई मध्यनजर गर्दै सार्वजनिक खरिद ऐन, नियमावली बमोजिमको प्रक्रिया पुरा गरी हार्ड कपी मार्फत ठक्का आह्वान गर्ने यस कार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ४ : "मर्स्याङ्दी गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३" पारित गर्ने सम्बन्धमा।**

नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारबाट बजेट विनियोजन भई उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने सार्वजनिक निर्माणसँग सम्बन्धित आयोजना/परियोजना/योजना/कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनको लागि उपभोक्ता समितिहरुको दर्ता, नवीकरण, नियमन एवम् खाराजी सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "मर्स्याङ्दी गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३" पारित गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।



अर्जुन गुरुङ
अध्यक्ष

विकास पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका
कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ५ : स्वास्थ्यकर्मीहरुलाई आते जाते यातायात खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई तथा आयुर्वेद संस्थावाट प्रदान गरिने सेवा अन्तर्गत पालिकामा हुने अन्तरक्रिया, विभिन्न स्वास्थ्य सम्बन्धि कार्यक्रम, कार्यलयवाट समय समयमा भएको निर्देशन वमिजिम कार्यक्रममा हुने सहभागीहरुलाई "नेपाल सरकार शसर्त अनुदान कार्यान्वयन निर्देशिका, २०८३" मा तोकिएको दरमा नबढ्ने गरि तपशिल बमोजिमको आते जाते यातयात खर्च उपलब्ध गराउने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**तपशिलः**

| क्र.स | स्वास्थ्य संथाको नाम | आते (रु.) | जाते (रु.) | जम्मा (रु.) |
|---|---|---|---|---|
| १ | घनपोखरा स्वास्थ्य चौकी | ५०० | ५०० | १००० |
| २ | सुधामिलन आ.स्वा.के | १५० | १५० | ३०० |
| ३ | खुदी स्वास्थ्य चौकी | ५० | ५० | १०० |
| ४ | सिउरुङ सामुदायिक स्वास्थ्य इकाई | ५०० | ५०० | १००० |
| ५ | ताघरिङ स्वास्थ्य चौकी | ५०० | ५०० | १००० |
| ६ | जगत सामुदायिक स्वास्थ्य इकाई | ५०० | ५०० | १००० |
| ७ | घेर्मु स्वास्थ्य चौकी | ५०० | ५०० | १००० |
| ८ | बहुनडाँडा स्वास्थ्य चौकी | २५० | २५० | ५०० |
| ९ | नाइचे सामुदायिक स्वास्थ्य इकाई | ३०० | ३०० | ६०० |
| १० | भुलभुले स्वास्थ्य चौकी | ७५ | ७५ | १५० |
| ११ | ताराचोक सामुदायिक स्वास्थ्य इकाई | ४०० | ४०० | ८०० |
| १२ | सिमुलचौर आ.स्वा.के | ७५ | ७५ | १५० |
| १३ | सिमपानी स्वास्थ्य चौकी | २०० | २०० | ४०० |
| १४ | लामागाँउ सामुदायिक स्वास्थ्य इकाई | २०० | २०० | ४०० |

**निर्णय नं. ६ विपद व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने सम्बन्धमा**

अविरल वर्षातका कारण मर्स्याङ्दी गाउँपालिका वडा नं. ५, सञ्जापु स्थित सामुदायिक भवन नजिकको पहिरोको कारण भवनको पर्खाल भत्किएको र पहिरोका कारण गाउँ थप जोखिममा रहेकोले उक्त भवनको आवश्यक संरक्षण, मर्मत, सम्भार र पहिरोको रोकथाम गर्न प्राविधिक लागत ईस्टिमेटका आधारमा मर्स्याङ्दी गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट रु.२,५०,०००/- (अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने यस कार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।



अर्जुन गुरुङ
अध्यक्ष

विशाल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ७ : १० शैया मर्स्याङ्दी आधाभुत अस्पताल सञ्चालन सम्बन्धमा ।**

नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३/८४ 'स्थानीय तह) को ब.उ.शि.नं. ३७०००११४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भई हस्तान्तरण भएका ५/१०/१५ शैयाका आधारभूत अस्पताल सञ्चालन खर्च सम्बन्धमा आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा भुगोल र जनसंख्याका आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती गरिनेछ भन्ने उल्लेख भएबमोजिम नेपाल सरकारको निर्णयानुसार निर्माण सम्पन्न भएका ५ देखि १५ शैयाका आधारभूत अस्पताल स्थानीय तहको लागत सहभागितामा सञ्चालन गर्नुपर्ने र हस्तान्तरण भएका अस्पतालहरु सञ्चालन गर्न सशर्त अनुदानको रुपमा बजेट बिनियोजन भएको र बिनियोजित बजेटको परिधिभित्र रही कार्यपालिकाको निर्णयबाट आवश्यकता समेतलाई मध्यनजर गरी देहायका शिर्षकमा रकम खर्च गर्न सकिनेछ भन्ने व्यहोरा प्राप्त भएकोले मर्स्याङ्दी गाउँपालिकामा १० शैयाको मर्स्याङ्दी आधारभूत अस्पताल निर्माण सम्पन्न तथा हस्तान्तरण भई आ.व. २०८३/८४ को लागि नेपाल सरकारबाट अस्पताल सञ्चालनको लागि सशर्त अनुदान (चालु) तर्फ रु. ७५,४०,०००/- (अक्षरुपी पचहत्तर लाख चालीस हजार रुपैयाँ मात्र) बिनियोजन भएको हुँदा उल्लेखित कार्यक्रम सञ्चालन मार्गदर्शन बमोजिम देहाय बमोजिमका शिर्षकहरुमा देहाय बमोजिम खर्च गर्ने र उक्त अनुदान रकम निकासाका लागि मन्त्रालयमा कार्य सम्पन्न प्रतिवेदन, निर्माण सम्पन्न भवन हस्तान्तरण फारम (म.ले.प. ४०६) तथा कार्यालयको अनुरोध पत्र सहित पत्राचार गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**देहायः**

| क्र. सं. | खर्चका क्षेत्रहरु | विनियोजित बजेटको % | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन खर्च | ३० | अस्पतालमा कम्तीमा MBBS डाक्टर १ जना, स्टाफ नर्स १ जना, रेडियोग्राफर १ जना र ल्याब टेक्निसियन १ जना व्यवस्थापन गर्नु पर्ने छ। नपुग रकम स्थानीय तहबाट व्यवस्थापन गर्न सकिनेछ। | रु. २२,६२,०००/- |
| २ | स्वास्थ्यजन्य औजार उपकरण खरिद | २० | अति आवश्यक र तत्काल प्रयोगमा ल्याउनुपर्ने मझौला तथा साना प्रकारका औजार उपकरणहरु खरिद, जडान तथा सञ्चालन गर्न सकिने। | रु. १५,०८,०००/- |
| ३ | औषधि खरिद | २० | आकस्मिक तथा अत्यावश्यक औषधिं तथा औषधीजन्य सामग्री खरिद तथा व्यवस्थापन गर्न सकिने। | रु. १५,०८,०००/- |
| ४ | फर्निचर तथा फिक्चर्स | १५ | अस्पतालमा अति आवश्यक फर्निचर तथा फिक्चर्समा खर्च गर्न सकिने | रु. ११,३१,०००/- |
| ५ | पानी, बिजुली तथा सञ्चार | १० | आधारभूत अस्पताल सञ्चालन गर्न अति आवश्यक पानी, बिजुली तथा सञ्चार कार्यमा खर्च गर्न सकिने। | रु. ७,५४,०००/- |
| ६ | फोहोरमैला व्यवस्थापन | ५ | अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थापन प्रयोजनका लागि यो रकम खर्च गर्न सकिने। | रु. ३,७७,०००/- |

अर्जुन गुरुङ
अध्यक्ष



[illegible] पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय ८ : आरन सुधार र पानी घट्ट, ढिकी, जाँतो संरक्षण कार्यक्रमको लागि आवेदकहरु छनौट गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको चालु आ.व. २०८३/८४ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्र परम्परागत रुपमा सञ्चालित आरनहरुलाई व्यवस्थित र आधुनिकीकरण गर्न आरन सुधार कार्यक्रम शीर्षकमा रु.३ लाख तथा पानी घट्ट, ढिकी र जाँतोहरुलाई निरन्तरता र संरक्षण गर्नको लागि पानी घट्ट, ढिकी, जाँतो संरक्षण कार्यक्रम शिर्षकमा रु.३ लाख विनियोजन भएकोमा मिति २०८३ साउन २८ गते प्रकाशित सूचना वमोजिम विभिन्न वडाबाट सिफारिस साथ प्राप्त तपसिल वमोजिमका आवेदकहरुलाई देहाय बमोजिमका दरले अनुदान रकम उपलब्ध गराउने यस कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**तपसिलः**

**आरन सुधार तर्फ**

| क्र.सं. | वडा नं. | नामथर | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | १ | सुक वहादुर कामी | ६२९ | |
| २ | २ | जित मान कामी | ३८१ | |
| ३ | ३ | लाल वहादुर कामी | २८८५ | फोटो/सिफारिस नभएको |
| ४ | ३ | थम्ब सिं कामी | ३०३४ | फोटो/सिफारिस नभएको |
| ५ | ४ | सुवास वि.क. | ४५-०१-६९-००८६६ | |
| ६ | ५ | सन्ते वि.क. | ४५३००३-१५९ | |
| ७ | ५ | धन वहादुर वि.क. | ५४३०७ | |
| ८ | ५ | सोम वहादुर वि.क. | | फोटो/नागरीकता नभएको |
| ९ | ५ | वुध वहादुर कामी | ४४८२५ | |
| १० | ५ | हु वहादुर कामी | २२५२४ | |
| ११ | ६ | होम वहादुर कामी | २०९ | |
| १२ | ६ | किसान कामी | ४७२९ | |

१२ जनालाई जनही रु.२५,०००/- का दरले।

**पानी घट्ट, ढिकी, जाँतो तर्फ**

| क्र.सं. | वडा नं. | नामथर | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ | दानी राम गुरुङ | १८३३८ | पानी घट्ट |
| २ | ४ | गम वहादुर गुरुङ | ६०९७ | पानी घट्ट |
| ३ | ४ | शुक्र वहादुर गुरुङ | १२७५६ | ढिकी जाँतो |
| ४ | ४ | प्रसाद गुरुङ | ६८५३ | ढिकी जाँतो |

पानीघट्टको लागि रु.५०,०००/- र ढिकी जाँतोको लागि रु.२५,०००/- का दरले ।

अर्जुन गुरुङ
अध्यक्ष

किशोर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ९ मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधाको लागि लाभग्राही स्वीकृत गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा "मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" अन्तर्गत रही मर्स्याङ्दी गाउँपालिकाबाट मिति २०८३/०४/२६ मा प्रथम पटक तथा २०८३/०५/१० मा दोस्रो पटक प्रकाशित "निःशुल्क विद्युत सुविधामा आवद्ध हुन निवेदन दिने सम्बन्धी सूचना" बमोजिम मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा गाउँपालिका भित्रका योग्य घरधुरीहरुले उक्त सुविधाको लाभग्राही हुन पेश गरेको आवश्यक विवरण सहितको निवेदन र सम्बन्धित वडा कार्यालयहरुले आवश्यक जाँचबुझ र परीक्षण पश्चात गाउँपालिकामा गरेको सिफारिस बमोजिमका घरधुरीहरुको सम्बन्धमा आवश्यक जाँचबुझ र अध्ययन पश्चात मनासिब देखिएका विद्युत ग्राहकहरुलाई उक्त ऐनको दफा १० बमोजिम गठित लाभग्राही छनोट समितिबाट मिति २०८३/०६/०५ गते निःशुल्क विद्युत सुविधाको लागि लाभग्राहीको रुपमा छनोट गर्ने निर्णय सहित छनौट भएका योग्य लाभग्राहीहरुलाई सोही ऐनको दफा ११ बमोजिम स्वीकृति प्रदान गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय भए अनुसार उक्त समितिबाट छनोट तथा सिफारिस भएका योग्य लाभग्राहीहरुलाई मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधाको लाभग्राहीको रुपमा स्वीकृती प्रदान गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं १० सडक सफाईमा बनियोजित बजेट वडाहरुमा बाँडफाँड गर्ने सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत गाउँपालिकाको भौगोलिक स्वरुप एवम सडकको स्तर र कठिनाईलाई मध्यनजर गर्दै आम नागरिकको सहज यातायात सुविधाको सुनिश्चितता मार्फत नागरिक सेवा र सन्तुष्टि प्रवर्द्धन गर्ने उद्देश्यले सडक सफाई शिर्षकमा रु.१५,००,०००/- (अक्षरुपी पन्ध्र लाख रुपैयाँ मात्र) विनियोजन भएकोमा गाउँपालिका अन्तर्गतका वडाहरुको अवस्था र आवश्यकताका आधारमा उक्त विनियोजित बजेट मध्येबाट वडा नं.१ लाई रु.३,००,०००/- र बाँकी वडाहरु(२-९)लाई रु.१,५०,०००/- का दरले बाँडफाँड गरी सडक सफाई प्रयोजनमा खर्च गर्ने साथै सडक सफाईको लागि ज्यालादारीमा खटाईएका सडक हेरालुहरुलाई सम्झौता बमोजिमको रकम सम्बन्धित वडाको सडक सफाईको लागि छुट्याईएको रकमबाट भुक्तानी गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ११ उपाध्यक्षसँग महिला कार्यक्रमबाट भ्रमणको लागि स्वीकृति दिने सम्बन्धमा**

मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८३/८४ को लागि स्वीकृत नीति, कार्यकम तथा बजेट अन्तर्गत उपाध्यक्षसँग महिला कार्यक्रम शीर्षकमा रु. ४,००,०००/-(अक्षरुपी चार लाख रुपैयाँ मात्र) बिनियोजन भएकोमा देशका अन्य पालिका तथा स्थानमा महिलाहरुको क्षमता विकास, सशक्तीकरण तथा समावेशीताको अवस्थाका बारेमा अध्ययन, अवलोकन गरी असल अभ्यासहरुको अनुसरण गरी सामाजिक परिवर्तन र विकासमा टेवा पुर्याउने तथा देशका विभिन्न पर्यटकीय स्थलको भ्रमण गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सो कार्यक्रम अन्तर्गत गाउँपालिकाका महिला जनप्रतिनिधि, महिला सञ्जालका पदाधिकरी एवम् सदस्यहरु र केही कर्मचारीहरु भ्रमणमा जानको लागि प्रस्तावना पेश भएकोमा उल्लेखित उद्देश्य अनुरुप भ्रमण गर्ने र सोको प्रतिवेदन मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने शर्तमा उक्त कार्यक्रममा विनियोजित रकम अवलोकन भ्रमणमा खर्च गर्न सक्ने गरी स्वीकृति दिने यस कार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

अर्जुन गुरुङ
अध्यक्ष

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १२ पहिरोको जोखिमका कारण बस्ती स्थानान्तरण गरेका घरपरिवारलाई राहतको लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने सम्बन्धमा।**

अविरल वर्षातका कारण मर्स्याङ्दी गाउँपालिका वडा नं. २ घनपोखरा अन्तर्गत वास्कुटे क्षेत्रमा २०८२ सालको वर्षातमा पहिरो गई जमिन चिराचिरा परेको साथै २०८३ सालको वर्षातका कारण थप जोखिम भई उक्त ठाउँमा वस्न सक्ने अवस्था नभएकोले तपसिल बमोजिमका व्यक्तिहरु विभिन्न ठाउँमा परिवार सहित बस्ती सरी अस्थायी रुपमा बाँसको टहरा बनाई बसोबास गरेको हुँदा आवश्यक सहयोगको लागि वडा नं. २ को कार्यालयबाट यस मर्स्याङ्दी गाउँकार्यपालिकाको कार्यालयमा सिफारिस भई आएकोले स्थलगत रुपमा गरिएको अवलोकन तथा प्रहरी मुचुल्का समेतका आधारमा निजहरुलाई बस्ती स्थानान्तरण र घरको पुनर्निर्माणको लागि आवश्यक राहत तथा सहायता रकम उपलब्ध गराउन मनासिब देखिएकोले गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट जनही रु.४०,०००/- (अक्षरुपी चालीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने र थप सहयोगको लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**तपसील:**

| क्र.सं. | नाम थर | नागरिकता नं. |
|---|---|---|
| १ | कुम रास वि.क. | ११३ |
| २ | आकृति वि.क. | ४५-०१-७३-००११८ |
| ३ | कमला वि.क. | ४५-०१-८१-०४२६२ |
| ४ | माया देवी वि.क. | ४५३००७/१०२ |
| ५ | गोविन्द वि.क. | ५१९३९ |

**निर्णय नं. १३ : आर्थिक सहयोग सम्बन्धमा।**

**१. विविध कार्यक्रम खर्च (२२५२९) विपद् व्यवस्थापन कोष खर्च शिर्षकबाट देहाय बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो।**

१. टिक बहादुर कामी, मर्स्याङ्दी -१, रु.१,००,०००।- (अक्षरमा एक लाख रुपैया मात्र) मृतक, पहिरोमा परि मृत्यु भएको।

२. विनिता बि.क., मर्स्याङ्दी -१, रु.१,००,०००।- (अक्षरमा एक लाख रुपैया मात्र) मृतक, पहिरोमा परि मृत्यु भएको।

३. सुकु कुमारी कामी, मर्स्याङ्दी -१, रु.२५,०००।- (अक्षरमा पच्चिस हजार मात्र) घाईते, पहिरोमा परि घाईते भएको।

४. अस्मिता बि.क. मर्स्याङ्दी -१, रु.२५,०००।- (अक्षरमा पच्चिस हजार मात्र) घाईते, पहिरोमा परि घाईते भएको।

५. नैन बहादुर गुरुङ, मर्स्याङ्दी -३ रु. ८,०००।- (अक्षरमा आठ हजार मात्र) बाघको आक्रमणले १ वटा भैसी मरेको।

६. दुधराज गुरुङ, मर्स्याङ्दी -३ रु.१६,०००।- (अक्षरमा सोह्र हजार मात्र) बाघको आक्रमणले २ वटा भैसी मरेको।

**२. विविध कार्यक्रम खर्च (२२५२९) असक्त, असहाय, विपन्न सहायता कोष सम्बन्धी खर्च शिर्षकबाट देहाय बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो।**

१. प्रेम कुमारी गुरुङ, मर्स्याङ्दी -१ रु. २५,०००।- (अक्षरमा पच्चिस हजार मात्र) विपन्न, क्यान्सर रोगी।

२ विल बहादुर गुरुङ, मर्स्याङ्दी -३, रु.२५,०००।- (अक्षरमा पच्चिस हजार मात्र) विपन्न क्यान्सर रोगी।

अर्जुन गुरुङ
अध्यक्ष



विशाल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

AnyScanner